झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः८ संख्याः ३ मितिः २०८२/०३/४

भाग २

गाउँ कार्यपालिकाबाट पारित मिति :- २०८२।०३।०१

प्रमाणीकरण मिति :- २०८२।०३।०३

# कन्टिन्जेन्सी रकम खर्च व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

झिमरुक गाउँपालिका र अन्तगर्तका निकायहरुमा सावर्जनिक निर्माण कार्यसँग सम्बिन्धत आयोजना कायान्वयन गर्दा लागत अनुमानमा व्यवस्था भए बमोजिमको कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यालाई थप पारदर्शी, मितव्ययी औचित्यपूर्ण र व्यबस्थित बनाउन वाञ्छनीय भएकोले सारवजनिक खरिद नियमावली, २०६४ अनुसूची -१ को खण्ड ग. ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१ प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम खर्च व्यवस्थापन सम्वन्धी गर्ने कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले संविधानको धारा २१५ बमोजिम गठन भएको गाउँ कार्यपालिकलाई सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा वा निकाय समेतलाई बुझाउने छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "आयोजना" भन्नाले गाउँपालिकाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधी र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(छ) "योजना" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (१) मा उल्लेख भए बमोजिम गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक, बार्षिक र रणनीतिगत तथा विषयक्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनु पर्छ ।

(ज) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि गाउँपालिकाद्धारा लगानी ढाँचा सहित तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

(झ) "आयोजना कार्यान्वयन सम्बन्धी खर्च" भन्नाले सम्वन्धित निर्माण कार्यको सुपरभिजन र प्रत्यक्ष रुपमा सम्बन्धित कर्मचारी खर्च, अपरेटर तथा सवारी चालक खर्च, सवारी साधन तथा मेसनरी औजार उपकरण खरिद इन्जिनियरिङ्ग सामाग्री तथा उपकरणको खरिद मर्मत सम्भार खर्च र आयोजना विकास तथा प्रभावकारी सञ्चालनमा हुने खर्चहरुलाई सम्झनु पर्छ ।

(ञ) "कार्यालय सञ्चालन सम्बन्धी खर्च" भन्नाले सम्वन्धित निर्माण कार्यसँग सम्वन्धित बोलपत्र, प्रस्ताव तयारी खर्च, सूचना प्रकाशन तथा कार्यालयको प्रशासनिक गतिविधि सञ्चालन गर्न आवश्यक इन्धन, फर्निचर, टेलिफोन, विद्युत तथा पानी महशुल सम्बन्धी खर्च, फोटोकपी / प्रिन्टर्स / कम्प्यूटर खरिद, जिन्सि सामाग्री खरिद वैठक भत्ता तथा मर्मत एवं नियमित रुपमा कार्यालय व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य सामान सम्वन्धी खर्चलाई सम्झनु पर्छ ।

३. उद्देश्यः कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका उद्देश्हरु देहाय बमोजिम रहेका छन् ।

(क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्ने पद्धतिको विकास गर्नु,

(ख) तोकिएको क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्ने व्यवस्थाको थालनी गर्नु,

ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) योजना कार्यान्वयन सन्दर्भमा आउने भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिजेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरणा गर्नु ।

## परिच्छेद- २
## कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रकया

४. कन्टिन्जेन्सी रकम कट्टा गर्नुपर्नेः

(१) गाउँपालिकाले निर्माण सम्बन्धी आयोजना कार्यान्वयन गर्दा वा तोकिएको क्षेत्रमा परामर्श सेवा लिदा देहाय बमोजिमको दरमा कन्टिन्जेन्सी रकम कट्टा गर्नुपर्नेछ।

क) संघिय समपुरक, संघिय सर्सत, संघिय विशेष, प्रदेश समपुरक, प्रदेश सर्सत, प्रदेश विशेष र गाउँपालिकाको सम्पुर्ण ठेक्का प्रकृया अन्तर्गत हुने बजेट शीर्षकमा कन्टिन्जेन्सी कट्टा गरिने छ।

(ख) निर्माण व्यवसायीबाट तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने भौतिक पूर्वाधार विकासका आयोजनामा हकमा विनियोजन रकमको बढीमा ३ (तीन) प्रतिशतले हुन आउने रकम,

(ग) परामर्श सेवामा लागत वा विनियोजनको बढिमा ३ (तीन) प्रतिशत रकम,

(घ) सिलबन्दी दरभाउ पत्र तथा बोलपत्रका माध्यमबाट खरिद गरिने आयोजनासंग सम्बन्धित खरिदका हकमा विनियोजन रकमको बढीमा ३ (तीन) प्रतिशतले हुन आउने रकम ।

(३) खर्च गर्न योग्य कन्टिन्जेन्सी रकमको गणना मूल्य अभिवृद्धि कर बाहेकको खरिद सम्झौता रकममा तोकिएको प्रतिशतले हिसाव गरी गर्नु पर्नेछ ।
तर कुनै ठेक्का सम्झौता भई नसकेको अवस्थामा ठेक्का व्यवस्थापनका चरणमा तोकिएको सीमाभित्र रही लागत अनुमानका आधारमा कन्टिन्जेन्सी रकम खर्च गर्न कुनै वाधा पुगेको मानिने छैन ।

**५. कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरूः**

(१) कन्टिन्जेन्सी रकम देहायको क्षेत्रमा खर्च गर्न सकिने छ।

(क) आयोजना कार्यान्वयन सम्बन्धी खर्च

१. योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासँग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा खाना खर्च,

२. आयोजनाको कामको लागि सवारी साधन खरिद सम्बन्धी खर्च,

३. सम्वन्धित आयोजनाको सुपरिवेक्षणमा हुने इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता खर्च,

४. सवारी साधन ममर्त तथा सम्भार र सवारी साधन भाडा सम्बन्धी खर्च,
५. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,
७. आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च ।
८. आयोजनाको अभिलेख व्यवस्थापन, योजना खाता, सफ्टवेयर खरिद सम्बन्धी खर्च ।
९. गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्ने आवश्यक खर्च ।
१०. इन्जिनियरिङ्ग क्षेत्रका प्राविधिक कर्मचारी र आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाइ लागि योजना कार्यान्वयनका लागि आवश्यक पर्ने जिन्सि सामाग्रीहरु (मेजरीङ्ग टेप, ल्यापटप, कम्प्युटर, रेनकोट, झोला, जुत्ता, छाता, प्रिन्टर लगायत अन्य इन्जिनियरिङ्ग सामाग्री) गुणस्तर परिक्षण सामाग्री खरिद सम्बन्धी खर्च
(ख) कार्यालय संचालन सम्बन्धी
१. आयोजना कार्यान्वयन सहजिकरणको लागि अनुगमन तथा बैठक, प्रस्तुतीकरणसँग सम्बन्धित खर्च,
२. नेपाल सरकारले घोषणा गरेको जनस्वास्थ्यसँग संकट तथा प्रकृतिक विपदको समयमा कामदार तथा कर्मचारीले तोकिएको मापदण्ड पुरा गर्न खरिद गर्नुपर्ने सामाग्री तथा परीक्षण सम्बन्धित खर्च,
३. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका साना योजना तथा कार्यक्रमहरु
४. लेखापरीक्षण सम्बन्धी खर्च,
५. बोलपत्र मूल्याङकन सम्बन्धित खर्च,
६. कार्यक्रम वा आयोजनाको अनुगमन तथा मूल्याङ्कन, जाँचपास तथा फरफारक सम्बन्धी खर्च,
७. उपभोक्ता समितिको गठन तथा अभिमुखीकरण सम्बन्धी खर्च।
८. सम्बन्धित निर्माण कार्य सम्बन्धी बोलपत्र वा प्रस्ताव तयारी खर्च,
९. सूचना प्रकाशन खर्च,
१०. फर्निचर मेशीनरी खरिद सम्बन्धी खर्च
(२) गाउँपालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्दा कन्टिन्जेन्सी वापतको रकममध्ये कम्तिमा ५० प्रतिशत रकम आयोजनाको प्राभावकारी व्यवस्थापनमा प्रयोग हुने गरी आयोजना

कार्यान्वयन सम्बन्धी उपदफा (१) खण्ड (क) बमोजिमका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ ।
(३) उपदफा (१) अनुसार खर्च हुने वा नहुने जिन्सी सामाग्री खरिद गर्दा खरिद सम्बन्धी प्रचलित कानूनको पालाना गर्नुपर्नेछ ।
(४) उपदफा (३) बमोजिमको सामाग्री वाहेक उपदफा (१) अनुसार अन्य क्षेत्रमा खर्च गर्दा सम्बन्धित विषयको प्रचलित मापदण्डको पालाना गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले कन्टिन्जेन्सी रकम प्रयोग गरी खरिद गरेका हेभी उपकरणहरु तोकिएको रकममा अन्य आयोजनाहरुमा भाडामा लगाउन सकिनेछ ।

**६. कन्टिन्जेन्सी खर्चको अभिलेख राखुपर्नेः**
(१) संघिय समपुरक, संघिय सर्सत, संघिय विशेष, प्रदेश समपुरक, प्रदेश सर्सत, प्रदेश विशेष र गाउँपालिकाको सम्पुर्ण ठेक्का प्रकृया अन्तर्गत हुने बजेट शीर्षकमा कन्टिन्जेन्सी खर्च रकम काटी सम्वन्धित ठेक्काको (नापी) / आयोजना कितावमा समेत खर्च प्रविष्ट गरेको हुनु पर्नेछ । यसरी गरिएको खर्चको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा ठेक्कैपिच्छे राखु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि धेरै योजनाहरु हुने वजेट उपशीर्षकहरु वढीमा रु. ५ लाखसम्म विनियोजित वजेट भएका आयोजनाको हकमा कन्टिन्जेन्सी खर्च गर्दा सम्वन्धित वजेट उपशीर्षकमा एकमुष्ट खर्च जनाउन सकिनेछ र त्यस्तो एकमुष्ट खर्च रकमलाई समानुपातिक रुपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको (नापी) किताव वा उपभोक्ता समिति आयोजना कितावमा कन्टिन्जेन्सी खर्च प्रविष्ट गरी अनुसूची - १ बमोजिमको ढाँचामा विवरण तयार गर्नु पर्नेछ।

**७. परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चको व्यवस्थाः** परामर्श सेवाको कन्टिन्जेन्सी रकम खर्च गर्दा परामर्श सेवा अनुसारको खर्चको विवरण छुट्टै राखु पर्नेछ।

**८. वहुवर्षीय ठेक्कामा कन्टिन्जेन्सी खर्चको व्यवस्थापनः** (१)सामान्यतया वहुवर्षीय ठेक्काका सम्वन्धमा चालु आर्थिक वर्षमा विनियोजित वजेटको अनुपातको सीमा भित्र रही यस कार्यविधिमा तोकिए वमोजिम कन्टिन्जेन्सी खर्च गर्नु पर्नेछ ।

**९. ऐन र नियमावली बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेः** यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा ऐन, नियमावली र अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

**१०. कन्टिन्जेन्सी रकमको खर्चमा मितव्ययिता कायम गर्नुपर्नेः**(१) यस कार्यविधि अनुसार कट्टा भएको कन्टिन्जेन्सी रकमको मितव्ययी रुपमा खर्च गर्नु पर्नेछ ।

(२) सार्वजनिक खरिदको वोलपत्र आव्हान तथा अन्य सूचना पत्र पत्रिकामा प्रकाशन गर्दा छोटो रुपमा अत्यावश्यक जानकारी मात्रै प्रकाशन गरी सो को विस्तृत सूचना गाउँकार्यपालिकाको कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्नु पर्नेछ ।

(३) आयोजना वा साइटको भौगोलिक अवस्था, कार्यवोझ आदिलाई मध्येनजर गरी कार्यालयका सवारी साधनलाई उपलब्ध गराउने इन्धनका सम्वन्धमा निश्चित मापदण्ड कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ । तर प्रमुख प्रशासकीय अधिकृतले कामको सिलसिलामा मात्र अन्य कार्यालयका र निजी सवारीलाई स्वीकृत मापदण्डका आधारमा इन्धन उपलव्ध गराउन सक्नेछ ।

(४) सशर्त अनुदान तथा गाउँपालिकाको वजेटबाट सञ्चालन हुने सडक तथा पुलहरुको निर्माण कार्यको लागि सडकको लम्बाई, पुलको लागत र संख्या, निर्माण कार्यको लागत, निर्माण सम्पन्न हुने अवधि, कार्य जटिलता आदिका आधारमा सुपरभाइजर/कर्मचारी आयोजना सम्बन्धित खर्चमा राख्न सकिनेछ ।

(५) यसरी सुपरभाइजर/कर्मचारी आयोजना सम्बन्धित खर्चमा राख्नको लागि त्यस्ता कर्मचारीको संख्याका सम्वन्धमा कार्यपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(६) यस कार्यविधिको सीमा भित्र रही सम्वन्धित योजना सञ्चालन हुने क्षेत्रको भौगोलिक अवस्था, योजनाको क्षेत्र वरिपरि सोही गाउँपालिकाले सञ्चालन गर्नुपर्ने अन्य योजनाहरु, कार्यको जटिलता, सुपरभाइजरको लागि चाहिने योग्यता तथा प्राविधिक क्षमता, कार्यालयको कार्यवोझ, जनशक्तिको उपलब्धता आदि समेतलाई विचार गरी प्रमुख प्रशासकीय अधिकृतले कार्यापालिकाबाट यस कार्यविधि वमोजिम कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्दा प्रयोग गर्ने मापदण्ड तयार गरी स्वीकृत गराउनु पर्नेछ ।

**११. कार्यविधि उल्लंघन गरी खर्च गरेमा विभागीय कारवाही गरिने:**

यो कार्यविधिको उल्लंघन गरी कन्टिन्जेन्सी रकम खर्च गरेमा सम्वन्धित शाखा प्रमुख एवम् कर्मचारी तथा लेखा प्रमुखलाई प्रचलित कानून अनुसार कारवाही गरिनेछ ।

**१२. अनुदानको शर्त वा सम्झौता अनुरुपको विधि अवलम्बन गर्नुपर्ने:**

(१) गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकार प्रदान गर्ने अनुदानमा तोकिएका शर्त वा नेपाल सरकारले र दातृ पक्ष वीच भएको सम्झौता वमोजिम गाउँपालिकाले खरिद कार्यविधि अनुरुप गरिने खरिद कार्यमा यो कार्यविधि आकर्षित हुने छैन ।

२) गाउँपालिकाले नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौता वमोजिम खरिद कार्य सम्पादन गर्नु पर्नेछ ।

तर नेपाल सरकार तथा प्रदेश सरकारले प्रदान गर्ने अनुदानमा कुनै त्यस्तो शर्त नराखिएको अवस्था वा नेपाल सरकार र दातृ पक्षबीचको सम्झौताम त्यस्तो कुनै प्रावधान नराखिएको खण्डमा यस कार्यविधि अनुसार कन्टेन्जेन्सी रकम कट्टा गर्न कुनै बाधा पर्ने छैन् ।

**१३. वाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकार:** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा देखिएमा वा कूनै वाधा अड्काउ आईपरेमा वा कुनै संशोधन गर्नु परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा वाधा अड्काउ फुकाउन वा संशोधन गर्न सकिने ।

अनुसुची १

कन्टेनजेन्सी खर्चको लागत र खर्च विवरण फारम

आयोजनाको नाम :-

आर्थिक बर्ष :-

| क.स | कार्यक्रमको नाम | इकाइ | परिमाण | कार्यक्रम संचालन स्थान | आयोजना संचालन सम्वन्धी खर्च | | कार्यालय संचालन सम्वन्धी खर्च | | जम्मा कन्टेनजेन्सि खर्च | साइट इन्चार्ज |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वीकृत खर्च | वास्तविक खर्च | स्वीकृत खर्च | वास्तविक खर्च | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची २

कन्टेनजेन्सी खर्च विस्तृत खर्च विवरण (कार्यक्रमगत)फारम

आयोजनको नामः

कार्यक्रमको नामः कार्यक्रम संचालन स्थानः

कुल स्वीकृत ल.इ रकमः गा.पा.ले व्यहोर्ने रुः उ.स.ले व्यहोर्ने रुः कुल खर्च रकमः

ल.इ अनुसार स्वीकृत कन्टेनजेन्सी रकमः

उपभोक्ता/समुह/निर्माण कम्पनी नामः

ठेगाना : प्र.प्र.अधिकृत वा शाखा प्रमुखको नामः ठेकदार/उ.स अध्यक्षको नाम र ठेगानाः लेखा प्रमुखको नाम

| आयोजना संचालन सम्वन्धी खर्च | | | | | कार्यालय संचालन सम्वन्धी खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | गौ.भौ.नं | विवरण | खर्च रकम | भुक्तानि पाउनेको नाम र ठेगाना | मिति | गौ.भौ.नं | विवरण | खर्च रकम | भुक्तानि पाउनेको नाम र ठेगाना |
| | | | | | | | | | |
| | | | | | | | | | |

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२/०३/०१ गते पारित यो मापदण्ड झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली,२०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणिकरण गर्दछु ।

विकास के.सी

प्रमुख प्रशासकिय अधिकृत

मिति : २०८२/०३/०३